लेखापरीक्षण प्रतिवेदन

औरही नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

औरही नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/133

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
औरही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
औरही, महोत्तरी।

कैफियत सहितको राय

हामीले औरही नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३ करोड १० लाख १६ हजार र एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २८ लाख २६ हजार समेत गरी रु.१३ करोड ३८ लाख ४२ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. १४ करोड ५८ लाख १८ हजार, समपूरक अनुदान रू. ५० लाख र विशेष अनुदान रू. ३० लाख समेत रू. १५ करोड ३८ लाख १८ हजार भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.३ करोड ६६ लाख ५२ हजार बचत रहेको छ। उक्त बचत रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ। सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ।
३. नगरपालिकाको रु. ९९ करोड २७ लाख ५० हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड १३ लाख ४४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २७ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७८ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु. ४ लाख ३५ हजार र पेस्की बाँकी रु. २ लाख २५ हजार समेत यस वर्ष रू. २ करोड १३ लाख ४४ हजार बेरुजु

कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु. २७ करोड ९२ लाख ४७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष समायोजन र सम्परीक्षणबाट फस्र्यौट एवं कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २८ करोड ४३ लाख १७ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ईन्द्र प्रसाद आचार्य)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४०	६९	२,१३,४३,९२०	०	०	०	०	४०	६९	२,१३,४३,९२०	२७,९९,८७४	४,३४,५७९	१,७८,८४,१८२	०	०	१,८३,१८,७६०	२,२५,२८५

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
औरही नगरपालिका, महोत्तरी	२७९२४७०००	०	१६२७३६००	२६२९७३४००	०	२१३४३९२०	**२८,४३,१७,३२०**

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७८/७९		कार्य सम्पन्न प्रतिवेदन	१,५०,००,०००
२	२०७६।७७	३३ (२०७७।३।१४)	सहायक चौथो विकाउ यादवको नाउँको सामाजिक सुरक्षा बापतको पेश्की फर्स्यौट तथा सम्परीक्षण	१२७३६००
			जम्मा	**१६२७३६००**

(८०२१८५०२३०० - औरही नगरपालिका, महोत्तरी)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ३५.७६ वर्ग किलोमिटर तथा जनसंख्या ३७३६१ जना रहेका छन् ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।६।८ देखि २०८१।६।११ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति : औरही नगरपालिकाको विनियोजन तथा आय-व्यय तर्फ देहायबमोजिमको लेखापरीक्षण सम्पन्न गरीएको छ । सोको विस्तृत्त विवरण अनुसूची-1 मा संलग्न छ ।

	आयतर्फ			व्ययतर्फ		
क्र.सं.	**विवरण**	**खर्च रकम**	**जम्मा रकम**	**विवरण**	**खर्च रकम**	**जम्मा रकम**
१	**गत वर्षको जिम्मेवारी**		८४४१५६९३	चालु खर्च न.पा.तर्फ		९८३१४६६७
	क. बैंक मौज्दात	७५४५८४५२		नेपाल सरकार समानीकरण	२२१०७२९	
	ख. धरौटी	८६९८५२५		संघिय सरकार राजस्व बाँडफाड	५९७८९८३०	
	ग. प्रकोप मौज्दात	२५८७१६.२५		प्रदेश सरकार राजस्व बाँडफाड	१५७५५४	
२	**राजस्व वाँडफाड**		८३२७००१८	स्थानीय सरकार राजस्व बाँडफाड	१८१३०२	
	क. राजस्व बाँडफाड प्रदेश	३५००११२		आन्तरिक श्रोत	३५९७५२५२	
	ख. राजस्व बाँडफाड स्थानीय	६८४५६३६		चालू खर्चतर्फ शसर्त		११०३८५४९६
	ग. राजस्व बाँडफाड संघीय	७२९२४२७०		नेपाल सरकार ससर्त अनुदान	११०३८५४९६	
३	**वित्तीय हस्तान्त्रण संघ**		२७५६७८०००.३	पूँजगत खर्च नगरपालिकातर्फ		७०३६१६६४
	क. वित्तीय समानीकरण	९४८६००००		नेपाल सरकार समानीकरण	३२०४७६०५	
	ख. शशर्त चालू	१४५८१८०००		संघिय सरकार राजस्व बाँडफाड	४०१८८९१	
	घ. समपूरक अनुदान	५०००००		राजस्व बाँडफाड स्थानीय सरकार	२१८४८२४	
	ङ. विषेश अनुदान	३००००००००		प्रदेश सरकार राजस्व बाँडफाड	१८५०३९९	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		७३०२०००	आन्तरिकश्रोत	३०२५९९४५	
	क. वित्तीय समानीकरण	७३०२०००		पूँजिगत खर्च शसर्त तर्फ		३३७८०३४७
	ख. शशर्त चालू			संघिय सरकार शसर्ततर्फ	३३७८०३४७	
	ग.शशर्त पूँजिगत	०		धरौटी खाता	८८००५०	८८००५०
	घ. समपूरक	०		सामाजिक सुरक्षा	१३१०१६४५८	१३१०१६४५८

	अनुदान					
	ङ. विषेश अनुदान	०		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२८२६७४५	२८२६७४५
	आन्तरिक स्रोत		६२७५३१६	जम्मा खाताअनुसार बैंक मौज्दात		१०८७३०७७६
५	आन्तरिक राजस्व	६२७५३१६		बैक मौज्दात आन्तरिक स्रोत	९८४८९४५६	
	सामाजिक सुरक्षा	१३१०१६४५८	१३१०१६४५८	धरौटी खाता	९९८२६०४	
६	धरौटी	२१६४१२९	२१६४१२९	प्रकोप व्यावस्थापन कोष	२५८७१६.२५	
८	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२८२६७४५	२८२६७४५	संघिय सरकार अनुदान फिर्ता	३६६५२१५८	३६६५२१५८
	जम्मा	**५९२९४८३५९.२५**	**५९२९४८३५९.२५**		**५९२९४८३५९.२५**	**५९२९४८३५९.२५**

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा देहाय अनुसार रु.५३११७६.३१ फिर्ता तथा असुल भएको प्रमाण पेश भएको छ ।

सि.नं.	विवरण	फिर्ता रकम रु.
१	सामाजिक सुरक्षा बापतको बचत फिर्ता	२७०१७६.३१
२	चन्द्रकला देवीले दलित आवास योजना बापतको फिर्ता	२६१०००
जम्मा		५३११७६.३१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत ७५ र पालिकास्तरका ६४ गरी कुल १३९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५ लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	६४	२५	२९	१०
२.	वडास्तरीय	७५	२	४७	२६
	जम्मा	**१३९**	**२७**	**७६**	**३६**

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजनामात्र कार्यान्वयन भएको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३ **विविध खर्चः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविध खर्चमा राजस्व बाँडफाँडबाट रु १७५२७८८ र आन्तरिक स्रोतबाट रु ८६५७११ गरी जम्मा रु २६१८४९९ खर्च गरेको देखिएकोले यस्तो खर्च औचित्यको आधार आन्तरिक स्रोतको आधारमा खर्च गर्नु पर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम विक्री र मर्मत नभएको,
- गैर सरकारी संस्थाबाट भएको कामको लागत अनुमान स्वीकृत नभएको,
- पालिकाको स्वामित्वमा रहेको जग्गाको जग्गाधनी लालपुर्जालाइ पामसमा प्रविष्ट नगरेको,
- भ्रमण अभिलेख नराखेको,
- मर्मत अभिलेख र पदाधिकारी इन्धन खपतको अभिलेख नराखेको र
- म.ले.प.फा. प्रयोग नगरेको ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

५ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस पालिकाले यस वर्षको आन्तरीक लेखापरीक्षक र आन्तरीक लेखापरीक्षण शाखा भएर पनि आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन प्राप्त गरेको छैन । आन्तरीक लेखापरीक्षकलाइ राजस्व हेर्ने जिम्मेवारी दिएको देखियो । यसबाट आन्तरीक नियन्त्रण भरपर्दो छ भन्न सकिएन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन प्राप्त गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी, भरपर्दो र विश्सनिय बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६

कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पति कर	०	४५	
मालपोत /भूमिकर	२००००००	३३३६०६	१६.६६
घर वहाल कर	१००००००	७६७९८८	७६.७९
बहाल विटौरी	२८०००००	१३७४५४०	४९
अन्य कर	४०००००	१९२१८०	४८
न्यायिक दस्तुर	२०००००	१५०	०.०७
व्यक्तिगत घटना दस्तुर	८६६६०५	११४८०५	१३
नक्सा पास दस्तुर	३०००००	३३१९१	१.१३
अन्य प्रशासनिक सेवा शुल्क	२०००००	१४९४०६	७४
नाता प्रमाणित	५०००००	३४७००	६.९४
अन्य दस्तुर	९२१८०१	२३२५००३	२५२
सिफारिस दस्तुर	१२०००००	२६४६८५	२२
व्यवसाय रजिष्ट्रेसन दस्तुर	५०००००	१५५००	३.१
न्यायिक दण्ड जरीवाना	१०००००	०	०
प्रशासनिक दण्ड जरीवाना	१०००००	२००	०.२
अन्य राजस्व	३०००००	४०२२५५	१३४
बेरुजु	२०००००	०	०
विविध		२६७०५९	
जम्मा	११९८८४०६	६२७५३१६	५२.३४

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।आय अनुमान यथार्थको नजिक हुने गरी राख्नु पर्दछ ।

७ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय/व् अनुमान रु.११९८८४०६ गरेकोमा वास्तविक आय रु.६२७५३१६ भएको देखाएको छ । आय अनुमानको तुलनामा बास्तविक आय ३१.५१ % घटी देखिएकोले अनुमान यथार्थ परक भएन । आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१७८४२४१७६	६२७५३१६	३.५१

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.५१ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३१४६४०००	१२१३२३५२	५६.५२
२	पूर्वाधार विकास	१४८०२००५९	६८११०३०७	४६.१
३	सामाजिक विकास	२०७४८९१७०	१४०७४२६३१	७२.१७
4	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३३४१०००	११०६०८८	३३.१३
5	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१०६०३५१२८	८१७४९८९३	७७.०९
जम्मा		**४८६३४९३५८**	**३१२८४२१७३**	६४.३२

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा बढी ७७.०९प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटीमा ३३.१३ प्रतिशत रहेको छ।

९ **कानूनी सल्लाहकारः** मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव र कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहाकार भनी श्री पुष्पराज खनाललाइ मासिक ३००००/-दरले बार्षिक रु ३६०००० भुक्तानी गरेको देखिएकोले नियम संगत नभएको रु

अनियमित भएको	३,६०,०००

१० **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ६२७५३१६ राजस्व बाँडफाँड र अनुदानबाट रु ३६६२५००१८ आम्दानी भएकोमा चालु तर्फ रु २०८७००१६३ पूँजिगत तर्फ रु १०४१४२०११ र वित्तीय ब्यबस्था तर्फ रु १७१३७५४०९ समेत रु ४८४२१७५५३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ९१५४०७० खर्च भएको छ । जुन आन्तरिक आयको ६८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट २८ प्रतिशत चालु र ५७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार, लिलामी गर्नुपर्ने विवरण उल्लेख गरेको देखिएन । तोकिएको अनुसार उल्लेख गरी मालसमानको नियमानुसार मर्मत लिलाम विक्री लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१२ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ७०६९९४६७ पूँजीगत

खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २१ र यो बर्ष थप भएको ५१ गरी कुल ७२ विवाद दर्ता भएकोमा २८ वटा फछर्यौट भई ४४ वटा मुद्दा फरफारक गर्न बांकी देखिन्छ ।

१४ **बजेट पेश, पारित र अख्तियारी**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।०७ मा रु.४८ करोड ६३ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएकोले सभाबाट पारीत गरेको ७ दिनभित्र प्रमुख प्रसाशकीय अधिकृतलाइ अख्तियारी प्रदान गर्नुपर्नेमा ७ दिनभित्र भएको नदेखिए कानूनले तोके बमोजिमको समय भित्र अख्तियारी प्रदान गरी आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना कार्यान्यवन गर्नु पर्दछ ।

१५ **करार कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ६२ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु १७०४१००० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

१६ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको बजेट पालिकाको दिगो विकास हुने किसिमका योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक सहायता दिने सम्बन्धमा कुनै कार्यविधि तयार गरेको देखिएन। कुनै कार्यविधि नबनाइ यो वर्ष रु.१२०९५१२ वितरण गरेको देखियो। यो बर्षको आन्तरिक आय रु.६२७५३१६ रहेको छ। आर्थिक सहायता वितरण गर्दा आन्तरीक स्रोत समेतलाइ विचार गरी कार्यविधि तयार गरी वितरण गर्नुपर्दछ।

१७ **फर्छयौट हुन बांकी पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न .कार्यक्रममा देहायका निकाय व्यक्ति तथा संस्थालाई रु.२२५२८५ पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म फस्र्यौट गर्नुपर्नेमा नगरेकोले म्याद नाघेको देखिएकोले फस्र्यौट हुनुपर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
१७.१	श्री रामबाबु यादव	२५,०००
१७.२	श्री रामाश्रय यादव	२००,०००
१७.३	सन्जय यादब	२८५

पेश्की	२,२५,२८५

१८ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सो सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।

पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १३१०१६४५८ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु २८२६७४५ समेत गरी रु.१३३८४३२०३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१९ **बितरणको भरपाइ नभएको** - ३७६।०८०।११।१ आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व सम्बन्धित नियमावली, २०७७ को नियम ३९ मा रकम खर्च गर्दा विल भरपाइ जांच गरी ठिक दुरुष देखिए भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले नुरी टेडर्सबाट खरी १६ थान दर ८७८८ सिलाइ मेशिन स्टेण्ड मुअकर रु ६७०३ समेत रु १९८८७९ मा खरीद गरी १० थान दलित लाभग्राहीलाइ बुझाइ ६ थान मौज्दात रहेको देखाएको छ। ६ थान मेशिन स्टेण्ड सहितको रु ७४५७९ लाभ ग्राहीलाइ बुझाएको भरपाइ पेश गर्नुपर्ने रु

अनियमित भएको	७४,५७९

२० **ठेक्का अभिलेखः**- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

२१ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२२ **योजना संशोधनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना वनाई कार्यान्वियन गर्ने व्यवस्था रहेको छ । स्वीकृत योजनाको अनुगमन तथा मूल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यपालिकाले ५४ वटा योजना संशोधनको निर्णय गरेको छ । तसर्थ, योजना संशोधन आवश्यकता र औचित्यताको आधारमा गर्नु पर्दछ ।

२३ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

२४ **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।

२५ **जन प्रतिनिधिलाइ पेश्की** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ मा वडाध्यक्षको काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरीएको छ। उक्त व्यवस्थामा वडाध्यक्षले वडा समितिको अध्यक्ष भइ काम गर्ने तथा पालिकाको नीति तर्जुमा कार्यान्वियन र अनुगमन गर्ने लगायत काम तोकीएको छ। पदाधिकारीले पाउने सुविधा पेश्की लिन पाउने व्यवस्था छैन। यस वर्ष जन प्रतिनिधिहरुलाइ कानून विपरी पदाधिकारी पेश्की रु.१४७२०० भुक्तानी गरेको र आर्थिक वर्षको अन्त्यमा समेत फर्छयौट गरेको देखिएकोले यस्तो पेश्की दिने कार्यलाइ नियन्त्रण गर्नुपर्ने देखिन्छ।

भौ. नं. र मिति	पदाधिकारीको नाम	रकम
२१९।०८०।९।६	वडा नं २ का सदस्य श्री संजय राय यादब	२८५००
२९१।०८०।९।२४	कार्यपालिका सदस्य श्री सोनामति देवी	६२२७०
२९१।०८०।९।२४	कार्यपालिका सदस्य श्री दुलारी देवी सदा	२८२१५
३३६।०८०।१०।१७	वडा नं १ सदस्य शुशिल कुमार साह	२८२१५
	जम्मा	**१४७२००**

२६ **रकमान्तर**: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमाभित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाको बिनियोजन ऐन, २०८० मा रकमान्तरको प्रावधान रहेको छैन । सभाको निणर्य बमोजिम बिभिन्न शीर्षकमा (घटाउने रु.२ करोड ८९ लाख ३० हजार र बढाउने रु.२ करोड ९५ लाख ९७ हजार) रू.२ करोड ९५ लाख ९७ हजार अर्थात् कुल बजेट रू.४८ करोड ६३ लाख ४९ हजारको ६.०९ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ । अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

२७ **सहकारी** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका,२०७८ को वुंदा नं. ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रका सहकारी संस्थाको नियमन र व्यावस्थापन गर्ने अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको छ । पालिका अन्तर्गत आर्थिक वर्ष २०८०।०८१ मा सहकारी संस्था कति छन् भन्ने कुरा लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । पालिकाले सहकारीको संख्या एकिन गरि नियमन र व्यावस्थापन मार्फत वित्तिय पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

२८ **बिज्ञापन बोर्डमा रकम नपठाएको** - बिज्ञापन बोर्ड ऐन, २०७६ को दफा १४ तथा दफा २१ तथा बिज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क बमोजिम सरकारी विज्ञापनमा रकम भुक्तानी गर्दा विल रकमको २ % रकम कट्टा गरी भुक्तानी गर्नुपर्ने र सो रकम बिज्ञापन बोर्डको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले देहायका रकम भुक्तानी गरेकोमा २ % कट्टा गरेको देखिएन । २ % रकम कट्ट गरी बिज्ञापन बोर्डको कार्यालयमा पठाउनु पर्ने देखिएको रु.

भौ. नं. र मिति	विवरण	विल रकम	२ % ले हुने रकम
१३४।०८०।७।२२	ग्राण्ड मिडिया हाउस	५२३६०	१०४७
१३८।०८०।७।२५	प्रदेश मिडिया सेन्टर	६२१००	१२४
१६७।०८०।८।१३	कान्तिपुर मिडिया सेन्टर	३५७००	७१४
१७५।०८०।८।१५	जनक दरबार मिडिया प्रा.ली	६०६००	१२१२
१७९।०८०।८।१७	सोसल मिडिया युथ	१५०००	३००
२४२।०८०।९।८	डच मिडिया प्राली	१२५४३७	२५०८
२९५।०८०।९।२५	डच मिडिया प्राली	५४४००	१०८८
२८७। ।०८०।९।२२	वर्दिवास मिडिया	९१००	१८२
३६१।०८०।१०।२८	ग्राण्ड मिडिया हाउस	५२३६०	१०४७
५५४।०८१।१।२८	गौशला खवर	५६०००	११२०
५५४।०८१।१।२८	शिशु मिडिया प्राली	५७७५०	११५५
६०७।०८१।२।२७	समाज उथान केन्द्र	६५०००	१३००
६६१।०८१।३।२८	सिग्नल नेपाल प्राली	४५३६०	९०७
	जम्मा	६९११६७	**१२७०४**

प्रमाण पेश नगरेको	१२,७०४

२९ **नन्फाइलर**– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१३६९३५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ति फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । यसरी उक्त कारोवार रकमको कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने देखिन्छ ।

भौ.नं. र मिति	आपूर्तकको नाम	प्यान नम्वर	मु.अ.कर रु.	नन्फाइलर
६८५।०८१।३।२३	देव जनरल अडर सप्लायर्स गौशाला महोतरी	६०६७५७९२६	९४७७०	०८० षौष
६९९।०८१।३।२३	स्काइ कम्प्युटर लालबन्द सर्लाही	६१०६८२५३३	११३८८	०८० षौष
७०२।०८१।३।२३	न्यु बर्दिवास कम्प्युटर सप्लायर्स	६१५८१५२०४	१११८०	०८० षौष
७०३।०८१।३।२३	आयुष पुस्तक तथा खेलकुद स्टोर्स	१२८६५७६३४	११४९८	०७९श्राबण
७०५।०८१।३।२३	देव जनरल अडर सप्लायर्स गौशाला महोतरी	६०६७५७९२६	८०९९	०८० षौष
जम्मा			**१३६९३५**	

प्रमाण पेश नगरेको	१,३६,९३५

३०

उपभोक्ता समितिवाट भएका कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ । स्वीकृत वार्षिक कार्यालयगत योजना बमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख)हेभि मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको देखिएन,

घ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

ङ) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचामा गरेको पाइएन । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेतापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको देखिएन,

च) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत् निर्माण गर्ने कार्य भएको छैन,

छ) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

ज) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुन सकेन,

झ) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित उपभोक्ता समितिका पदाधिकारी स्थानीय वासिन्दा रहेको परिचय खुल्ने प्रमाण संलग्न नभएकोले सम्बन्धित सेवा स्थानीय बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको भनी एकिन गर्न सक्ने आधार भएन,

ञ) केही उपभोक्ता समितिवाट कार्य गराउदा कार्यालयले आवश्यक कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरेको वा उपभोक्ता समिति वा लाभग्राही समुदाय आफैंले निवेदन दिएको प्रमाण संलग्न देखिंदैन । सार्वजनिक सूचना प्रकाशन भएकोमा समेत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम लगायतको विवरण खुलाएको देखिएन । यस्ता सूचना वा निवेदकको अलग्गै अभिलेख राखेको पाइएन,

ट) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन । दर्ता वेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ठ) कार्यालयले पेश गरेको लागत अनुमान एवं प्राविधिक मूल्याकंनमा कहिकतै मिति उल्लेख नभएकाले लागत अनुमान स्वीकृति र समयमै कार्य भए नभएको सम्वन्धमा एकिन हुने आधार रहेन,

ड) अधिकांश प्राविधिक मूल्यांकन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी किताबको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राख्नु पर्दछ ।

३१ **उपभोक्ताको योगदानः** पालिकाले उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरेका आयोजनाहरुमध्ये नमूना छनौट गरी निम्नानुसार आयोजनामा उपभोक्ताको योगदान विश्लेषण गर्दा कुल भएको काममा नभई पालिकाबाट सम्झौता हुँदाका बखत, लागत अनुमान तयार गर्दा हुने बजेट, भुक्तानी हुने रकम तथा कार्यपालिकाको निर्णयको आधार मानी श्रमदान स्ट्रक्चरको कार्यमा ५ प्रतिशत र नन स्ट्रक्चरको कार्यमा १० प्रतिशत उपभोक्ता समितिको योगदान रहेकोमा देहाय अनुसार उल्लेख भएको छ । अतः पालिकाले एकरुपता हुने गरी श्रमदान रकम यकीन गर्नु पर्दछ ।

आयोजनाको नाम	भुक्तानी रकम रु.	उपभोक्ताको योगदान	योगदान प्रतिशत	कैफियत
वडा नं. ५ को भलुवाहा टोलमा PCC ढलान गर्ने उ.स.	१९३६४१०	१०९८८६	५	स्ट्रक्चरको कार्य भनी ५ प्रतिशत मात्र योगदान रहेको पाइयो ।
वडा नं. ८ को रामजानकी कुटिको अधुरो धर्मशाला निर्माण उ.स.	१९३४१००	१०६३१०	५.२१	स्ट्रक्चरको कार्य भनी ५.२१ प्रतिशत मात्र योगदान रहेको पाइयो।
वडा नं. १ का बिभिन्न सडकहरुमा ग्राभेल गरी ढलान गर्ने उ.स.	२७१५४०३	१४१२०१	५.२	स्ट्रक्चरको कार्य भनी ५.२ प्रतिशत मात्र योगदान रहेको पाइयो।

३२ **उपभोक्ता समितिले बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाईरु.२० लाख वा सो भन्दा माथिको लागत अनुमान भएको वा कार्य गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट गरेपनि बीमा गरेको पाइएन । अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

क्र.सं.	उपभोक्ता समितिको नाम	लागत अनुमान रु.	भुक्तानी रकम रु.	कैफियत
1.	वडा नं. ५ को भलुवाहा टोलमा PCC ढलान गर्ने उ.स.	२०५०१०४	१९३६४१०	
2.	कुट्टिदेखि गोपाल कुमारको पोखरीसम्म माटो ग्राभेल र कल्भर्ट निर्माण उ.स.	२५९८१८७	१८१८२९९	
3.	प्रशासनिक भवन निर्माणको लागि प्र.सि.मा.वि. निर रहेको पोखरी पश्चिम दक्षिण भागमा माटो पुर्ने उ.स.	३२६०६७१	२८०२७४९	
4.	वडा नं. ८ को रामजानकी कुटिको अधुरो धर्मशाला निर्माण उ.स.	२०४६६३४	१९३४१००	
5.	वडा नं. १ का बिभिन्न सडकहरुमा ग्राभेल गरी ढलान गर्ने उ.स.	२८६४९८३	२७१५४०३	
6.	भलुवाहा टोलदेखि दक्षिण ट्रान्सफर्मर हुँदे ब्रह्मस्थानसम्म माटो ग्राभेल तथा ह्युम पाइप जडान गर्ने उ.स.	२१६१७९१	१६४४६६४	
7.	शेरहा स्कुलदेखि बनहा सडकमा माटो ग्राभेल उ.स.	२१६५७४४	१६९०४६६	

३३ **कार्य सम्पन्न प्रतिवेदनः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलापमा क्रमागत भवन निर्माणको लागि निकासा भएको रकमबाट विद्यालय निर्माण गरी सो को कार्य सम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत नमूना विद्यालयको भौतिक निर्माण कार्यको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा छनौट भएको श्री प्रसाद सिंह उच्च माध्यमिक विद्यालय औरहीलाई भवन निर्माणको लागि रु.१ करोड निकासा भएको छ । विद्यालय निर्माणसँग सम्बन्धित कागजात विद्यालयले पालिकामा पेश गरेको छैन । तसर्थ, विद्यालय निर्माणसँग सम्बन्धित रु. १,००,००,००० को कागजात नापी किताव, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजात पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,००,०००

३४ **परामर्श तथा डी.पी.आर.खर्च** – यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
कोल्ड स्टोरको डि.पि.आर. निर्माण	इलिप्स इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	९९६०९५	९९६०९५
वडा नं. १ देखि वडा नं. २ को फुलवरिया टोलसम्म तटबन्धको डि.पि.आर. निर्माण	अग्रिम डिजाइनर्स प्रा.लि.	१००००००	९७३०००
जम्मा		**१९९६०९५**	**१९६९०९५**

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । यस्ता खर्चको उपयोगिता एवं प्रभावकारिता देखिएन ।

३५ (२०-२०८०-६-१):

प्रतिलिपिको आधारमा भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाका नगर प्रमुखले भुक्तानी प्राप्त गरेको रु.९५००० भुक्तानीको R.N.Mobile Tron Pvt.Ltd. को सक्कल बील नभई प्रतिलिपिको आधारमा भुक्तानी गरेको रु.९५००० को सक्कल बील पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	९५,०००

३६ (७१-२०८१-३-२२):

वितरण भरपाई पेश नभएकोः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण वा हस्तान्तरण गरेको भरपाई पेश नभएको रु.३३५१६२५ को भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

विवरण	रकम रु.	कैफियत
२ एच.पी. इलेक्ट्रीक वाटर मोटर १०० पीस र १ एच.पी. इलेक्ट्रीक वाटर मोटर २०० पीस गरी जम्मा ३०० पीस मोटर	३३५१६२५	३०० थान मोटर मौज्दात रहेकोले सो को वितरण गरेको भरपाई पेश गर्नुपर्ने ।

प्रमाण पेश नगरेको	३३,५१,६२५

३७ **रकम फिर्ताः** शर्सत पूँजीगततर्फ, दलित आवास कार्यक्रम अन्तर्गत दलित आवास सम्बन्धि कार्यविधिमा उल्लिखित शर्तहरु पूरा नगरेको वा जग्गा घटि भएको भनी कार्य सम्पन्न गर्न नसकेको अवस्थामा चन्द्रकला देवीको खातामा २ किस्तामा गरी पालिकाले पठाएको रु.२६१००० संघीय सञ्चित कोषमा फिर्ता गरी सो को प्रमाण पेश भएको छ ।

३८ **ल्याब टेष्टको बील पेश नभएको**: आर्थिक कार्यविधितथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेखिएका रकमको बिल भर्पाई दुरुस्त गरी श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका कार्यको ल्याब टेष्ट गरेको भ्याट सहित भुक्तानी भएको रु.२६३०० देखिएकोमा उक्त कार्यको भ्याट सहितको बिल पेश नभएको असूल गर्नुपर्ने रु.

भौ.नं.र मिति	निर्माण व्यवसायी	भुक्तानी रकम रु.	ल्याब टेष्टको रकम रु	रकम रु. (भ्याट सहित)	कैफियत
नगरपालिका पूँजीगत					
५।०८०।५।५	वडा नं. ५ को भलुवाहा टोलमा पि.सि.सि. ढलान गर्ने उ.स.	१९३६४१०	५०००	५०००	
२५।०८०।६।१०	जनज्योती कन्स्ट्रक्सन (रामबिलास यादव चन्देश्वर यादव मा.वि. भोयलको अधुरो भवन फिनिसिङ्ग)	१२३१५३८	५०००	५६५०	
२७।०८०।३।२३	कृष्ण निर्माण सेवा (सामुदायिक भवन निर्माण चेककट औरही २)	१४३६८३४	५०००	५६५०	
५३।०८०।११।९	वडा नं. ८ को रामजानकी कुटिको अधुरो धर्मशाला निर्माण उ.स.	१९३४१००	५०००	५०००	
शसर्त पूँजीगत					
२१।०८१।३।२३	पाँच वटा वडा कार्यालयको भवन निर्माण (विजय निर्माण सेवा)	५०५६४९४	५०००	५०००	
जम्मा				**२६३००**	

असुल गर्नुपर्ने	२६,३००

३९ (७८-२०८१-३-२३):

धरौटी कट्टि नभएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण व्यवसायीको रिटेन्सन मनि बापत बिलबाट ५% ले धरौटी रकम कट्टि गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार भुक्तानी गर्दा ५ प्रतिशतको दरले धरौटी रकम भुक्तानीमा कट्टि नभएको रु.४१३०८ कट्टि गर्नुपर्ने देखिएको रु.

विवरण	कट्टि नभएको धरौटी रु.	कैफियत
विक्रम आदित्य कन्स्ट्रक्सन प्रा.लि. (वडा नं. मा फुलवरियामा नथुनी महतोको घरदेखि श्रीपुराको कुलोसम्म र नरेश श्रेष्ठको घरदेखि दरेश महतोको घरसम्म नाला निर्माण)	४१३०८	५ प्रतिशतको दरले धरौटी कट्टि नभएको ।

प्रमाण पेश नगरेको	४१,३०८

४० (७८-२०८१-३-२३):

मूल्य अभिवृद्धि कर कट्टी गर्नुपर्ने – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.३२२२० कट्टि गरि राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मु.अ.कर कर रु.	३० प्रतिशत रकम
विक्रम आदित्य कन्स्ट्रक्सन प्रा.लि.	६०६८६७८०३	९३३५६३	१०७४०१	३२२२०

तसर्थ, उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु**.**

प्रमाण पेश नगरेको	३२,२२०

४१ **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनु पर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता

गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको रु. १४१६८७ को कार्य सम्पादन जमानत पेश हुनु पर्दछ ।

ठे.नं.	**योजनाको नाम**	**फर्म**	**कार्य सम्पादन जमानतको विवरण**	**अवधि भएको**	**हुनुपर्ने अवधि**	**रकम रु.**
०२।०८०।०८१	स्यालो ट्युबेल खरिद तथा जडान	सरस्वती सप्लायर्स	३ महिना २१ दिनको घटि म्याद	२०८१।१२।१६	२०८२।४।७	१४१६८७

४२ **नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१९४५६७८ समेत रु.१९६४७०१० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । तसर्थ, कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने रु.

भौ.नं. र मिति	आपूर्तकको नाम	प्यान नम्वर	भुक्तानी रु.	मू.अ.कर रु.	नन्फाइलर	बीजक नं.
२।०८०।५।३	जि.के.कन्स्ट्रक्सन	३०५३६५५९८	८६८७२४	६९९५९	२०८०।T।२	१
६।०८०।५।५	खुशी निर्माण सेवा एण्ड जेनरल अर्डर सप्लायर्स	३०३८४०८८२	१६५०८८५	१८९९२१	२०८०।T।२	१
२५।०८०।६।१०	जन ज्योती कन्स्ट्रक्सन	६०१४१२३६९	१२३१५३८	९९१७७	२०८०।T।२	१८
१८।०८०।५।२९	स्मार्टसिटि बिल्डर्स प्रा.लि.	६०९६२३४७१	१४६९०००	११८३००	२०७९।M।९	०७
३१।०८०।६।१७	जिरा देवी कन्स्ट्रक्सन प्रा.लि.	६०४३२४१९७	३७२१६७	२९९७१	२०८०।T।२	१
२७।०८०।३।२३	कृष्ण निर्माण सेवा	३०४९६७८०१	१४३६८३४	११५७१०	२०८०।T।२	१८
५२।०८०।१०। २८	जि.के.सप्लायर्स	३०५३६५५९८	१०३३१५०	११८८५८	२०८०।T।२	०२
५३।०८०।११।९	जि.के.सप्लायर्स	३०५३६५५९८	१०६२४५२	१२२२२९	२०८०।T।२	०३
५८।०८०।१२। १०	आदित्य सोनु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६१९८००४७५	२६८२३०८	३०८५८४	२०८०।M। १०	१७
५९।०८०।१२। १०	पृथ्वीराज कन्स्ट्रक्सन प्रा.लि.	६०६८६७९३५	९६८४५१	७७९९१	२०८०।T।२	
६१।०८१।२।२२	आदित्य सोनु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६१९८००४७५	१२९९२२८	१४९४६९	२०८०।M। १०	०३
७८।०८१।३।२३	विक्रम आदित्य कन्स्ट्रक्सन प्रा.लि.	६०६८६७८०३	९३३५६३	७५१८०	२०८०।T।२	०१
९०।०८१।३।२४	जि.के.सप्लायर्स	३०५३६५५९८	१३५२८५४	१५५६३८	२०८०।T।२	२३
९०।०८१।३।२४	जि.के.सप्लायर्स	३०५३६५५९८	२६९९९८	३१०६२	२०८०।T।२	२४
९८।०८१।३।२४	जि.के.सप्लायर्स	३०५३६५५९८	११६९१०४	१३४४९९	२०८०।T।२	०९
१००।०८१।३। २४	एम.के. कन्स्ट्रक्सन	६०७५४८०२६	८५६३०९	६८९५९	२०८०।T।२	०१
३४।०८०।६।१७	इन्फ्राको प्रोजेक्ट्स प्रा.लि.	६०६८४२६१९	९९०४४५	८०१७१	२०८०।T।२	०८
जम्मा			**१९६४७०१०**	**१९४५६७८**		

प्रमाण पेश नगरेको	१९,४५,६७८

४३ **बील पेश नभएको**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेखिएका रकमको बिल भर्पाई दुरुस्त गरी श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका इलेक्ट्रिकल्स तथा बीमा कार्यको भुक्तानी भएको रु.३९३९१४ देखिएकोमा उक्त कार्यको बिल पेश नभएको असूल गर्नुपर्ने देखिएको रु.

भौ.नं.र मिति	निर्माण व्यवसायी	भुक्तानी रकम रु.	रकम रु	रकम रु. (भ्याट सहित)	कैफियत
नगरपालिका पूँजीगत					
२७।०८०।३।२३	कृष्ण निर्माण सेवा (सामुदायिक भवन निर्माण चेककट औरही २)	१४३६८३४	१५००००	१६९५००	इलेक्ट्रिकल्स
शसर्त पूँजीगत					
२१।०८१।३।२३	पाँच वटा वडा कार्यालयको भवन निर्माण (विजय निर्माण सेवा)	५०५६४९४	२०००००	२०००००	इलेक्ट्रिकल्स
२१।०८१।३।२३	पाँच वटा वडा कार्यालयको भवन निर्माण (विजय निर्माण सेवा)	५०५६४९४	२४४१४	२४४१४	बीमा
जम्मा				**३९३९१४**	
				असुल गर्नुपर्ने	३,९३,९१४

४४ **नर्म्सको प्रयोगः** पालिकाले निर्माण कार्य बापत सम्बन्धित कार्यमा तालुक निकायले स्वीकृत गरेको नर्म्स बमोजिम मितव्ययी रुपमा खर्च गरिनु पर्दछ। सडकको कार्यमा सडक बिभागले बनाएको नर्म्स र भवनमा भवनको नर्म्स प्रयोग गर्नुपर्नेमा कार्यपालिकाको निर्णयको आधारमा सो भन्दा बढी नर्म्स प्रयोग गरी भुक्तानी दिएको निम्नानुसार बढी खर्च लेखेको पाइएकोले सम्बन्धितलाई PCC ढलान १:२:४ कार्यको लागि बढी भुक्तानी भएको रु.७२३७०० बढी व्ययभार परेको असुल गर्नुपर्ने देखिएको रु.

भौ.नं.र मिति	विवरण	भुक्तानी दर	नर्म्स अनुसार भुक्तानी हुनुपर्ने	परिमाण	फरक दर	व्ययभार रु.
५। ०८०। ५।५	वडा नं. ५ को भलुवाहा टोलमा पि.सि.सि. ढलान गर्ने उ.स.	१२३७७.१२	१०४२४.३३	१३९.१४	१९५२.७९	२७१७१२
८। ०८०। ५।११	वडा नं. ३ को विजय यादव, राजकिशोर यादव, श्याम यादव र मेनरोड सत्यनारायणको घरसम्म PCC ढलान उ.स.	१२३७७.१२	१०४२४.३३	५६.०१	१९५२.७९	१०९३७६
११। ०८०। ५।१८	वडा नं. ३ को चलितर राय, जुगल राय। मेनरोड रामचन्द्र साहको जग्गासम्म PCC ढलान उ.स.	१२३७७.१२	१०४२४.३३	४३.८४	१९५२.७९	८५५९१
१२। ०८०। ५।१९	वडा नं. ३ को रामएकवालको घरदेखि सिताराम साहको जग्गासम्म, महेश साहको घरदेखि दिपलाल साहको जग्गासम्म, ननु महराको जग्गादेखि मोहित महराको जग्गासम्म र नरेश रायको घरदेखि शंकर महतोको घरसम्म PCC ढलान	१५११९.४	१२७२४.०६	५०.१३	२३९५.३४	१२००७९
१७। ०८०। ५।२५	वडा नं. ३ को रामबाबु मण्डल, सुजित राउत सौखीलाल मण्डल, झगरु मंडल, नगेश्वर राय राजेश्वर राय नागेन्द्र यादव, रामदो महतोको घरसम्म PCC ढलान गर्ने	१५११९.४	१२७२४.०६	२२.६३	२३९५.३४	५४२०७
५६। ०८०। १२। २८	वडा नं.५ को पुलदेखि रामनाथको घरसम्म पिसिसि ढलान गर्ने	१५११९.४	१२७२४.०६	३४.५४	२३९५.३४	८२७३५
जम्मा						**७२३७००**

असुल गर्नुपर्ने	७,२३,७००

४५ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार कार्यको लागि नापी किताब लगायतको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार नगरी सो वापत खर्च लेखेको रु.२१४४८६६ रकम पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मूल्याङ्कन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

भौ.नं.र मिति	कार्यको विवरण	जम्मा रकम रु.	कैफियत
७२।०८१। ३।२२	स्यालो ट्युबबेल खरिद तथा जडान कार्यक्रम	१६४८८६६	१९९ ट्युबबेल जडान भएको मुचुल्का तथा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने ।
९५।०८१। ३।२४	स्थानीय निर्वाचन मतगणनाका लागि जडान भएको सि.सि.टि.भि. क्यामराको भुक्तानी	४९६०००	सि.सि.क्यामेरा जडानभएको नापी किताब तथा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेशहुनुपर्ने ।
जम्मा		**२१४४८६६**	

प्रमाण पेश नगरेको	२१,४४,८६६

४६ (४०-२०८०-७-२५):

प्रोभिजनल सममा भ्याट भुक्तानीः ठे.नं.०२।०७९।०८०, मा.वि.बैरियाको फाइनल बीलको भुक्तानी महोत्तरी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि.लाई हुँदा प्रोभिजनल सममा रु.१००००० दिइएकोमा सोमा १३ प्रतिशतको दरले भ्याट समेत भुक्तानी भएको भ्याट रु.१३००० असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१३,०००

४७ **कन्टिजेन्सी खर्चः**- यस पालिकाले हरेक योजनामा न्युनतम ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टि गरेको देखियो । यसरी यस वर्ष रु.४४८२८० कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत खर्च स्पष्ट हुने गरी अभिलेख खाता राख्नु पर्नेमा सो राखेको पाइएन । यस्ता खर्च डोर हाजिरी, इन्धन तथा फुटकर जस्तामा खर्च गर्ने गरेको कार्यालयले जनाएको छ । तसर्थ, कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।

४८ **विद्यालयको लेखापरीक्षणः** शिक्षा नियमावली २०५९ मा सामुदायिक विद्यालयहरुले प्रत्येक बर्ष लेखापरीक्षण गराउनुपर्ने व्यावस्था छ । विद्यालयको लेखापरीक्षणको लागि पालिकाले लेखापरीक्षक नियुक्त गरिदिने र लेखापरीक्षण प्रतिवेदन अनुसार कार्वाही गर्नुपर्दछ । पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०८०।०८१ मा विद्यालयको लेखापरीक्षण गर्ने अवधिसम्म लेखापरीक्षण भएको देखिएन । पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको लेखापरीक्षण अवधिमा सम्पूर्ण विद्यालयको लेखापरीक्षण गर्नुपर्दछ ।

४९ **संस्थागत विद्यालयहरुको अनुगमनः** संघीय शासन प्रणालीअनुसार माध्यमिक तहसम्मको शिक्षास्थानीय तहको जिम्मेवारीमा पर्दछ। सामुदायिक विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने तथा संस्थागत विद्यालयहरुको अनुगमन गर्ने कार्य पालिकाको हो। पालिकाभित्रमा ४ वटा संस्थागत विद्यालय रहेकाछन्। पालिकाले सस्थागत विद्यालय अनुगमन मापदण्ड वनाएको तथा अनुगमन गरेको देखिएन।पालिकाले संस्थागत विद्यालयको अनुगमन नगरेको कारण संस्थागत विद्यालयहरुले बढीदरमा शुल्क लिएको तथा गरिब तथा जेहेनदार विद्यार्थीहरुको लागि छत्रवृति प्रदान गरे/नगरेको यकीन गर्न सकीएन। पालिकाले संस्थागत विद्यालय अनुगमन मापदण्ड निर्माण गरी संस्थागत विद्यालयको नियमित अनुगमन गर्नुपर्दछ ।

५० **शैक्षिक गुणस्तरः** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यबस्थापकीय एवं नेतृत्व क्षमता बढ़ाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेशागत विकासलाई सुद्धिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमासुधारका लागि पालिकाको ध्यान जानु पर्दछ ।

५१ **सामुदायिक विद्यालयको गुणस्तरः** सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सो को कार्यान्वियन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने ब्यवस्था छ । यस पालिकाले आ.वा.२०८०।०८१ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन। अतः पालिकाले आफनो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२ **औषधि खरिदः** पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकीहरुलाई एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सुचीकृत भएका अत्यावश्यक औषधि कार्यालयबाट खरिद भई प्राप्त हने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले विभिन्न बजेट उपशीर्षकबाट विभिन्न आपूर्तिकर्ताबाट यस वर्ष e-bid माध्यमबाट रु.११६८३१५ को औषधि र उपकरण खरिद गरी भुक्तानी गरेको छ।कार्यालयले औषधि खरिद गर्दा आवश्यकता पहिचान तथा

औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा खरिद गरेको देखिएन।आपूर्तिकर्ताबाट हुने औषधि तथा औषधिजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा २ वर्ष बाँकी हुन पर्दछ | पालिकाले आपूर्तिकर्ताबाट आपूर्ति भएका औषधि वा अन्य सामानहरुको Manufacture Date , Expiry Date ,Batch no, Manufacture Company को नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्याशं उल्लेख गर्ने नगरेको, स्टोर दाखिला गर्दा उल्लिखित कुराहर नखुलाएको, प्रयोग र मौज्दात समेत यकीन नभएको, पालिकामा Drugs Store नभएको Direct स्वास्थ्य संस्थामा पुर्याउने गरिएको, आकस्मिक व्यवस्थापनको लागी नराखिएको गत विगतको विरामी संख्यालाई आधार लिई खरिद नगरिएको बर्षको शुरुमा नै स्वास्थ्य संख्याबाट मागको आधारमा खरिद नगरिएको हुदाँ संस्थाले कार्ययोजना बनाई सम्झौताको समयमानै औषधिको खरिद गरि वितरणको व्यावस्था मिलाउनु पर्दछ ।

५३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ अनुसार नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा सोको लगत राखेको पाइएन। पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन। यसरी पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ।

५४

५४.१ **सम्झौता बेगर आय ठेक्का** - पालिकाले आय ठेक्का लगाउँदा प्रतिस्पर्धा मार्फत ठेक्का लगाई सम्झौता गरी ठेक्का लगाउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले पश्चिमबारी पोखरीको ठेक्का २०७७/०७/१२ मा ५ वर्षको लागि नमन कन्सट्रक्सन प्रा लि को श्री सरोज कुमार यादवलाई रु. ३७,८६,०००/ मा ठेक्का लगाएकोमा सम्झौता बेगर ठेक्का लगाएको देखियो। सम्झौता बेगरको आय ठेक्का कानून सम्मत नहुन सक्ने र आय प्राप्तिमा जोखिम हुन सक्ने देखिएकोले ठेक्का सम्झौता गरी आय सुनिश्चितता गर्नुपर्ने देखिन्छ।

५४.२ **मूल्य अभिबृद्धि कर दाखिला नभएको** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ मा नेपालभित्र आपूर्ति हुने वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ। पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि सहितको रकममा आय ठेक्का लगाई सम्झौता गरी ठेक्का लगाउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८०/०८१ मा आय ठेक्का बापत रु. १०,७६,५००/ आम्दानी गरी दाखिला गरेको विवरणबाट देखिएकोले सो को १३% ले हुने मूल्य अभिवृद्धि कर वापत रु. १,२३,८४६/ आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्ने देखिएको रु. १,२३,८४६/

प्रमाण पेश नगरेको	१,२३,८४६

५४.३ **असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहाय अनुसार ६ व्यवसायीबाट रु.१६,४२,९६०। असुल गर्ने बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नु पर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी रु.१६,४२,९६०।असुल गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ५४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१६,४२,९६०

५५ **सार्वजनिक परिक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले हरेक तीन महिनामा एकपटक सार्वजनिक सुनुवाई गरी सार्वजनिक सेवा प्रवाहको गुनासो सम्बोधनको लागि गुनासो सुन्ने अधिकारी नतोकेको, कार्यालयमा सेवाग्राहीकै गुनासकोका लागि गुनासो पेटीका समेत राखेको पाईएन। कानूनले तोकिएबमोजिम सार्वजिक सुनुवाई गर्ने, गुनासो सुन्ने

अधिकारीको व्यावस्था गर्ने लगाएत कानूनले तोकेका कार्यहरु सम्पादन गरि आर्थिक कारोवारको जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन गर्नुपर्छ ।

५६ **सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद ४ दफा १८ मा स्थानीय तहले भत्तावापतको निकासा रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै वितरण कार्य सम्पन्न गरि बन्द गर्नुपर्ने, निकासा र खर्चको अभिलेख अध्यावधिक बैंक सँगको हिसावमिलान गरि बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गर्नुपर्ने र भत्ता वितरणको लागि निकासा भएको रकम सोहि आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम नेपाल सरकार संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ५९४२ रहेको र सामाजिक सुरक्षा भत्ता वापत रु.१३१०१६४५८ निकासा भएको छ । आर्थिक वर्ष २०८०।०८१ मा ५९० जनाको लगत कट्टा भएकोमा आर्थिक वर्षको अन्त्यमा बैंक बाट लाभग्रहीहरुले प्राप्त गरेको रकम सहितको विवरण प्राप्त गरि भिडान गरेको देखिएन ।बैंकले २०८१।०३।२७ मा रकम रु. २७०१७६।३१ कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको जानकारी दिएको छ । आर्थिक वर्षको अन्त्यमा सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको खाता र निश्क्रिय खाताको विवरण पालिकामा पेश गरेको नदेखिएकोले कति रकम फिर्ता गर्नुपर्ने भन्ने सन्दर्भमा एकिन हुन सकिएन । यसर्थ बैंकबाट निस्क्रिय खाताको एकिन सहितको बैंक स्टेटमेन्ट समेत लाई समेत भिडान गरी बाँकी फिर्ता गर्नुपर्ने रकम संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

५७ **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा भता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैड्क र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीयतहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राखुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढड्गबाट भएको छ छैन भन्ने सम्बन्धमा एकिन हुन सकिएन कार्यविधिले निर्धारण गरेको प्रकृया अबलम्बन गरि सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी बनाउनुपर्छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : औरही नगरपालिका, महोत्तरी , औरही नगरपालिका , महोत्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	dhirendra lal karn	२०८०-६-२१	२०८०-१२-२०
कार्यालय प्रमुख	निलाम्बर मिश्र	२०७९-१०-४	२०८०-६-२०
कार्यालय प्रमुख	kesav kumar adhikari	२०८१-३-७	२०८१-४-३०
कार्यालय प्रमुख	pramod kumar thakur	२०८१-६-१३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	satya narayan sah	२०८०-१२-३०	२०८१-३-५
लेखा प्रमुख	Manoj Kumar Mahara	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,७९९,८७४	४३४,५७९	१७,८८४,१८२	०	०	२२५,२८५
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२१,३४३,९२०
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२१,३४३,९२०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८४४१५६९३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२७५६७८०००	**चालु खर्च**	२०८७००१६३
प्रदेश सरकारबाट अनुदान	७३०२०००.०	**पूँजीगत खर्च**	१०४१४२०११
राजश्व बाँडफाँट	८३२७००१८	**वित्तीय/अन्य व्यवस्था**	१७१३७५४०९
आन्तरिक आय	६२७५३१६.०		
अन्य आय	१३६००७३३२		
कुल आय	५०८५३२६६६	**कुल खर्च**	४८४२१७५८३
बाँकी मौज्दात		१०८७३०७७६	

बेरूजु दफा ५४.३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

ठेक्का नं / चलनपूर्जी दिएको मिति	विवरण	सम्झौता अवधि	सम्झौता गर्ने फर्म वा व्यक्ति	कबोल रकम रु.	२०७९/०८० सम्म बुझाउनुपर्ने जम्मा रकम	२०७९।०८० सम्म बुझाएको रकम	२०८०।०८१ सम्म बुझाउनुपर्ने जम्मा रकम	२०८०।०८१ मा बुझाएको रकम	बुझाउन बाँकी रकम	कैफियत
२०७७/०७/१२	पश्चिमबारी पोखरी	५ वर्ष	नमन कन्सट्रक्सन प्रा लि –सरोज कुमार यादव	३७,८६,०००	२२,७१,६००	७,५१,०००	३०,२८,८००		७,५७,२००	
२०७९।११।३०	महादेव स्थान पोखरी वडा नं ९	५ वर्ष	नागेन्द्र मुखिया	१५,११,०००	१,५१,१००	१,५१,५००	४,५३,३००	२,७१,५००	३०,७००	५ वर्षको लागि सम्झौता गरेको ६।६ महिनामा बुझाउनु पर्ने
२०७७/०६/२२	भुटन पोखरी वडा नं ९	५ वर्ष	अजय कुमार मण्डल	८,६०,०००	५,१६,०००	४,३०,०००	६,८८,०००		१,७२,०००	को लागि सम्झौता गरेको
२०७९।०५।०५	बाबाकुट्टी पोखरी ७	५ वर्ष	सरोज कुमार यादव	१५,०५,०००	३,०१,०००	३,००,५००	६,०२,०००		३,०१,०००	१,२०,००० आ व ०८१/८२मा बुझाएको
२०७७/०७/०३	वडा नं. १ को पुर्वारी पोखरी	५ वर्ष	ऋषी निर्माण सेवा – सोभिन्द्र चौधरी	१६,५५,०००	९,९३,०००	३,६२,०००	१३,२४,०००		३,६२,०००	
२०७९।०८।१४	चेपकट पोखरी २	५ वर्ष	सरोज कुमार यादव	१,००,३००	२०,०६०	१८,०००	२०,०६०		२०,०६०	५ वर्षको लागि सम्झौता गरेको
जम्मा									१६,४२,९६०	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।